Sancharika Samuha
SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS' FORUM
FORUM OF WOMEN JOURNALISTS AND COMMUNICATORS
Promoting Communication for Equality

१५ वैशाख, २०७३

**प्रेस विज्ञप्ति : सञ्चार अनुगमन**

सञ्चारिका समूह नेपालले एक महिना (१-३० चैत्र २०७२) मा १५ वटा राष्ट्रिय दैनिकमा गरेको सञ्चार अनुगमनले २७ जना किशोरी तथा महिलाको बलात्कार भएको देखाएको छ जसमध्ये धेरैजसो पिडित १०-१५ उमेर मुहका रहेका छन् (१३ जना)। अनुगमन अवधिमा बलात्कारसम्बन्धी ५२ वटा समाचार सामग्री प्रकाशित भएका थिए ।

अनुगमनमा खेलकुद र मनोरञ्जनसम्बन्धी समाचारबाहेक दैनिक पत्रिकाका समाचार, विचार तथा सम्पादकीय सामग्री समेटिएको थियो । यसमा राजधानीबाट प्रकाशित कान्तिपुर, नागरिक, नयाँ पत्रिका, गोरखापत्र, हिमालय टाइम्स्, कारोबार, राजधानी, अन्नपूर्ण पोष्ट, नेपाल समाचारपत्र, कमाण्डर पोष्ट, सौर्य दैनिक, नेपाली दैनिक तथा द काठमाण्डु पोष्ट, रिपब्लिका, द हिमालयन टाइम्स, र द राइजिङ नेपाल अंग्रेजी दैनिकहरू समेटिएका थिए ।

महिलामाथि हुने विभिन्न प्रकारका हिंसालाई १३ वटा शीर्षकमा अनुगमन गरिएको थियो, जसमा बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, दाइजो, मानव बेचविखन, हत्या, बहुविवाह, बोक्सी, परम्परागत तथा धार्मिक हिंसा, आर्थिक, स्वास्थ्यसम्बन्धी, राजनीतिक र अन्य थिए ।

चैत्र महिनामा हत्याका १० वटा घटना र ५१ वटा समाचार सामग्री प्रकाशित भएका थिए जसमध्ये धेरैजसो पिडित २०-४० उमेर समुहका रहेका छन् (४ जना)। यौन दुर्व्यवहारको ४ वटा घटना भएका थिए र १४ वटा समाचार सामग्री प्रकाशित भएका थिए । स्वास्थ्य अधिकार हनन्का एउटा घटना र ५६ वटा समाचार सामग्री प्रकाशित भएका थिए । आर्थिक अधिकारसँग सम्बन्धित २ वटा घटना र ८१ वटा समाचार सामग्री छापिएका थिए । यस अवधिमा मानव बेचबिखनसम्बन्धी ५१ र राजनितिक अधिकार हननसम्बन्धी ५७ समाचार, विचार तथा सम्पादकीय छापिएको देखिन्छ । त्यस्तै परम्परागत र धार्मिक हिंसासम्बन्धी ५७ वटा, बोक्सी आरोपका एउटा घटना र ३ वटा समाचार सामग्री प्रकाशित भएका थिए । घरेलु हिंसासम्बन्धी ७ वटा घटना र १९ वटा समाचार सामग्री प्रकाशित भएका थिए । त्यस्तै बहुबिवाहसम्बन्धी ३ वटा समाचार सामग्री प्रकाशित भएका थिए र दाईजोसम्बन्धी ३ वटा समाचार प्रकाशित भएका थिए । यसै गरी अन्यमा ५१ वटा समाचार सामग्री प्रकाशित थिए ।

महिला हिंसासम्बन्धी सबैभन्दा बढी समाचार भित्री पृष्ठमा छापिएका थिए । पहिलो पृष्ठमा जम्मा ५१ वटा समाचार छापिएका थिए । पृष्ठ २ मा जम्मा ८६ समाचार छापिएका थिए । पाचौं पृष्ठमा ६५ वटा समाचार छापिएका थिए । महिला हिंसासम्बन्धी समाचारको स्थान सन्तोषजनक थियो । अनुगमनले महिलामाथि हिंसा गर्नेमा परिवारका सदस्य (४१), छिमेकी (३), राज्य (३), पीडक उल्लेख नभएका (१०) र अन्य (२०) भएको देखाएको छ । सो अवधिमा महिला हिंसासम्बन्धी सम्पादकीय ११, फोटो समाचार २२, लेख ४२, सफ्ट न्यूज ३९ तथा हार्ड न्यूज ३९६ प्रकाशित थिए । प्रकाशित समाचारमध्ये हार्ड न्यूज १०६, सफ्ट न्यूज २६ र १५ वटा लेखमा मात्र फोटो/स्केच प्रयोग गरिएको थियो ।

सञ्चारमाध्यमले चैत्र महिनामा महिला हिंसासम्बन्धी समाचारलाई राम्रो स्थान दिएका देखिन्छ । यस पटक हत्याका २ वटा , बलात्कारका २ वटा र यौन दुर्व्यवहारको एउटा 'फलोअप' समाचार प्रकाशित भएको थिए । समाचार सामाग्रीमा पीडित वा पीडक कसको तस्बिर राख्ने भन्नेमा यस अघि झै सम्पादकीय दृष्टिकोणको अभाव नै देखिन्छ । यस महिना पीडितका २६ वटा तस्बिर छापिएका थिए भने पीडकका २ वटा तस्बिर छापिएको देखिन्छ ।

सञ्चारिका समूहले सञ्चारमाध्यममा महिला हिंसाका समाचार कति आएका छन् ? ती समाचारले कस्तो प्राथमिकता पाइरहेका छन् ? हिंसाका समाचारमा 'फलोअप' समाचार आएका छन् कि छैनन् ? समाजमा के कस्ता लैंगिक हिंसा भइरहेका छन् र ती सम्बन्धमा कस्ता समाचार सामग्री आइरहेका छन् भनेर सञ्चार अनुगमन गर्दैआएको छ ।

बिमला तुम्खेवा,
सचिव,
सञ्चारिका समूह ।